NLG INSURANCE
COMPANY LIMITED

**श्री एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको तेह्रौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माईन्यूट) सम्बन्धमा कम्पनी ऐन२०६३ को दफा ७५ (३) को व्यवस्था बमोजिम प्रकाशित सार्वजनिक अभिलेख :**

**बैधानीक सभा :**

श्री एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको नियमावलीको नियम १० र कम्पनी ऐन, २०६३ को दफा ७६ (१) बमोजिम तेह्रौं वार्षिक साधारण सभा यस कम्पनीको संचालक समितिका अध्यक्ष श्री बिमल प्रसाद वाग्लेको सभापतित्वमा निम्न लिखित मिति तथा स्थानमा निम्न विषयहरु उपर छलफल गरि निर्णय गर्नका लागि तेह्रौं वार्षिक साधारण सभा देहाय बमोजिम सम्पन्न भयो ।

**तेह्रौं वार्षिक साधारण सभा बसेको मिति, समय र स्थान :**

मिति: २०७६ साल असोज ०८ गते बुधबार (तदानुसार २५ सेप्टेम्बर २०१९)

समय: विहान ११:०० बजे

स्थान: आम्रपाली ब्याङ्केट, थिरबम सडक, बालुवाटार, काठमाण्डौ

**सभाको सूचना प्रकाशन :**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम १० को व्यवस्था अनुरुप शेयरधनी महानुभावहरुको ठेगानामा कुरियर मार्फत मुद्रित वार्षिक प्रतिवेदन लगायत तेऱ्हौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना पठाइएको थियो । साथै मिति २०७६/०५/१५ गतेको राष्ट्रिय पत्रिका कारोवारदैनिकमा १३औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना र मिति २०७६/०५/१८ गतेको राष्ट्रिय पत्रिका आर्थिक अभियान दैनिकमा संक्षिप्त आर्थिक विवरण सहितको कम्पनी ऐन, २०६३ को दफा ८४(१) बमोजिम सूचना र मिति २०७६/०६/०३ गतेको कारोवार दैनिकमा १३औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी संक्षिप्त सूचना प्रकाशित गरिएको थियो । वार्षिक साधारण सभाको सूचना र वार्षिक प्रतिवेदन कम्पनीको वेवसाइट www.nlg.com.np मा समेत राखिएको थियो ।

**छलफलका विषयहरु :**

**विषय सूची :**

**क) सामान्य प्रस्ताव :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत हुने आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७५ साल आषाढ मसान्तको वासलात, २०७४/०४/०१ देखि २०७५/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचिहरु छलफल गरी स्वीकृत गर्ने बारे ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७५/०७६ को लागि लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) विविध ।

**सभाको बैधानिकता :**

साधारण सभा सुरु हुन अगाडी उपस्थित शेयरधनी तथा अन्य महानुभावहरुलाई कम्पनीको तर्फबाट स्वागत अभिवादन गर्दै यो सभा कम्पनी ऐन, २०६३ को दफा ७६(१) र कम्पनीको नियमावली बमोजिम बोलाईएको व्यहोरा सभालाई जानकारी दिइयो ।

कम्पनीको कुल शेयर कित्ता ६४,०४,०६२.५० मध्ये प्रतिनिधि मार्फत उपस्थित समेत गरि आजको यस सभामा जम्मा उपस्थित ३८,३९,२६८ कित्ताले कुल शेयरको ५९.९५ प्रतिशत प्रतिनिधित्व हुने गरी २३६ जना शेयरधनीहरुको उपस्थितीबाट कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार साधारण सभा गर्नका लागी आवश्यक गणपुरक संख्या पुगेको र प्रचलीत कानुनको पालना भएको हुँदा कानुनतः सभा बैधानीक भएको व्यहोरा अवगत गराइयो ।

कम्पनी ऐन, २०६३ एवं कम्पनीको नियमावलीमा संचालक समितिको अध्यक्ष साधारण सभाको सभापति हुने प्रावधान भए अनुसार संचालक समितिको अध्यक्ष श्री बिमल प्रसाद वाग्लेलाई यस तेऱ्हौं वार्षिक साधारण सभाको सभापतिको आसन ग्रहण गर्न विधिवत अनुरोध गरे पश्चात अध्यक्षले सभापतिको आसन ग्रहण गर्नु भयो । तत् पश्चात कम्पनीको संचालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत, लेखापरीक्षक, नायब महाप्रबन्धक तथा कम्पनी सचिव तथा कम्पनीको उच्च व्यवस्थापकहरुलाई डायसमा आमन्त्रण गरी स्थान ग्रहण गर्न अनुरोध गरीयो ।

आसन ग्रहण तथा परिचय पश्चात सभाका सभापति श्री बिमल प्रसाद वाग्लेले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानूभावहरुलाई स्वागत गर्दै सभा शुभारम्भ गर्नु भयो । तत्पश्चात पूर्व सूचित विषयहरु उपर छलफल प्रारम्भ गर्ने क्रममा कम्पनीको संचालक समितिको तर्फबाट तेऱ्हौं वार्षिक प्रतिवेदन(आ.व. २०७४/०७५) सभामा पढेर प्रस्तुत गर्नु भयो ।

त्यस पछि सभापतिज्यूले आ.व. २०७४/०७५ समाप्त वर्षको वासलात, आय-व्यय हिसाब एवं लेखापरीक्षकको प्रतिवेदन र नगद प्रवाह विवरण तथा अनुसुचि समेत साधारण सभामा प्रस्तुत गर्नु भयो । कम्पनीको आर्थीक विवरणहरु तयार गरी नियामक निकाय श्री बीमा समितिको मिति २०७६/०५/०२ गतेको गैरस्थलगत सुपरीवेक्षण ५२(२०७६/०७७) च.नं. ६०४ को पत्र द्वारा स्वीकृती प्राप्त गरी सके पछि साधारण सभा बोलाइएको जानकारी दिनु भयो । त्यस पछि सभापतिज्यूले पेश गर्नु भएको प्रतिवेदनका बारेमा कुनै प्रश्न, जिज्ञाशा, मन्तब्य एवं सुझाव भए प्रकट गर्नका लागी शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो ।

सभामा शेयरधनीहरुश्री अमृत नाथ रेग्मी, श्री अमिर दास रञ्जित, श्री अशोक उप्रेती, श्री शिव प्रसाद पौड्याल, श्री गुण राज भट्ट, श्री डमरु बल्लभ घिमिरे, श्री नरसिंह लाल चंखु, श्री ईन्द्र कृष्ण श्रेष्ठ, श्री उद्धव प्रसाद घिमिरे तथा श्री दिवाकर खड्कासक्रिय रुपमा छलफलमा सहभागी हुनुभई आ-आफनो टिप्पणी, मनतव्य, जिज्ञासा, राय तथा सुझाव राख्नु भएकोमा सभामा उठेका प्रश्नहरु प्रति सभापतिज्यूबाट जवाफ दिंदै मनतव्य, राय तथा सुझावहरुको लागि धन्यबाद दिनु भयो ।

**सभाबाट भएका निर्णयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१ : संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत हुने आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन स्वीकृत गर्ने प्रस्ताव सभाबाट पारीत भयो।

२ : लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७५ साल आषाढ मसान्तको वासलात, २०७४/०४/०१ देखि २०७५/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचिहरु पारित गर्ने प्रस्ताव सभाबाट पारीत भयो ।

३ : कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७५/०७६ को लागि कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस गरिएको लेखापरीक्षक M/s L.S.P. Associate, Chartered Accountants लाई नियुक्त गर्ने निर्णय लाई सभाबाट पारित गरियो र निजको पारिश्रमिक रु.४,५०,०००/-(चार लाख पचास हजार) मू.अ. कर बाहेक तथा अन्य खर्चहरु कम्पनीको नियम बमोजिम सोधभर्ना गर्ने प्रस्ताव सभाबाट पारीत भयो ।

४ : बिबिध अन्तर्गत केहि प्रस्ताव नभएको ।

अन्तमा सभापतीज्यूले यस सम्मानीत सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, बिभिन्न नियमकारी निकायहरुबाट पाल्नु भएका पर्यवेक्षक प्रतिनिधीहरु, लेखापरीक्षक, पत्रकार महानुभावहरु, शेयर रजिष्ट्रार, कम्पनीका पदाधिकारीहरु, आम्रपाली ब्याङ्केट र सम्पूर्ण संचालक समितिका सदस्यहरुलाई धन्यबाद दिनु भयो र कम्पनीका लागि रचनात्मक सुझाबहरु दिनु हुने वक्ता शेयरधनी महानुभावहरु प्रति आभार व्यक्त गर्नु भयो र छलफलका अन्य विषय बाँकी नरहेकोले दिनको १:०० बजे सभा समाप्त भएको घोषणा गर्नु भयो ।